# ख्रीष्टिय परिवारमा नानीहरुलाई हुर्काउने

फ्राङ्कलिनका नोटहरु

भजनसंग्रह १२७:३ छोराहरु परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोराछोरीहरु उहाँका इनाम हुन् ।

- येशुले बालकहरुलाई प्रेम गर्नहुन्छ, र सख्त चेतावनी दिनुभयो :

**बालकहरुलाई म कहाँ आउन देओ, तिनीहरुलाई नरोक** । किनकि स्वर्गको राज्य यस्तैहरुको हो ।मत्ती १९:१४

1. अभिभावकले बालकहरुलाई हुर्काउन आफूमा भएको सम्पूर्ण शक्तिद्वारा सबै थोक गर्नुपर्छ जसले गर्दा उनीहरु जीवनको सुरुवाती अवस्थामा नै **परमेश्वरमा आऊन्** र परमेश्वरसँगै सधै रहून् । र.....
2. **"उनीहरुलाई बाधा"**नदिन, हामीले **उहाँको वचन धर्मशास्त्रमा सिकाउनु** भए बमोजिम आफ्नो बालकहरुलाई हुर्काउनु र तालिम दिनु पर्दछ ।

यो महत्वपूर्ण दायित्वहो, र तसर्थ :

I. पिताले आफ्नो नानीहरुलाई सिकाउन र तालिम दिन अगुवाई र जिम्मेवारी लिनु पर्दछ ।

एफिसी ६:४ **बुबा हो**, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको **अनुशासन** र **शिक्षामा** हुर्काओ ।

एउटा घरको लागि सही र असल क्रम हो : **पिता** चाहिँ **परिवारको मूलव्यक्तिहो** । (एफिसी ५:२३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ ।) र तसर्थ आफ्नो पत्नी र नानीहरुको लागि एउटा असल **अगुवा, शिक्षक,** र **उदाहरण** हुन परमेश्वरले पितालाई जिम्मेवारी दिनुभएको छ ।

- माथिको पदले भने झैं, पिताले या **भड्काउँद छ** वा **अनुशासन** र **शिक्षामा** हुर्काउँदछ । उनको यो रोजाईले नै परिवारमादु:खवा सु:खआउने तय हुन्छ ।

- पिताले शिक्षाका केही जिम्मेवारीहरु आफ्नो पत्नीलाई सुम्पन सक्नुहुन्छ । केही कुराहरु हुन्छन् जो उनीले अझ राम्रोसँग सिकाउँन सक्छिन् । उनीहरु एक टिम हो ।

- पिता र आमाले सल्लाह गर्नुपर्दछ र एउटा सहमतिमा आउनु पर्दछ कि के कुरा सिकाउने र त्यसलाई कसरी सिकाउँने । उनीहरुले उत्तर पाउँन र **सहमतिमा आउँन** धर्मशास्त्रमा खोज्नु पर्दछ र साथसाथै प्रार्थना गर्नुपर्दछ ।

हितोपदेश २२:६ बालकलाई ऊ **हिँड्नुपर्ने बाटोमा तालिम देऊ**, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

- एउटा बालकले आफ्नोवुवा र आमाले एकअर्काप्रति र जीवनप्रति जस्तो कार्य गरेको देख्दछन् त्यो **देखेर** र त्यसको **अनुभव**बाट उनले तालिम पाउँदछन् । जे आमा र वुवाले गर्दछन्, उनीहरुको नानीहरुले पनि **गर्ने छन्** । जे आमा र वुवाको लागि महत्व छ, त्यो नानीहरुको लागि पनि महत्व हुनेछन् ।

  जे आमा र वुवाले **गर्दछन्**, वा जून **तरिकाले** एकअर्काप्रति र संसारप्रति नाता राख्दछन्, त्यो नै **असरदायी तालिम** हो, उनीहरुले नानीहरुलाई भनेर सिकाएको भन्दा । अभिभावकको सिद्धान्त, संस्कृतिलाई नै जीवन जीउने तरिकाको रुपमा नानीहरुले स्वीकार्छन् ।

- शिक्षा दिनु र तालिम दिनु बीच भिन्नता छ । **शिक्षा दिनु** भनेको **शब्द** र **व्याख्या**द्वारा सिकाउनु हो । **तालिम दिनु** भनेको **कार्य** र **उदाहरण**द्वारा सिकाउनु हो । **शिक्षा**द्वारा सिकाईएको पाठबाट **केही हदसम्म सफलता** हासिल गर्न सकिन्छ भने **तालिम**द्वारा सिकाईएको पाठले **जीवनभर सफलता** पाउन सकिन्छ ।"जब उनी वृद्ध हुन्छ ऊ त्यसबाट हट्ने छैन" ।

- नानीहरु उनीहरुको तालिमबाट बिरलै भाग्नेछन् । प्राय अवस्थामा, उनीहरुले त्यसलाई अझ माथिल्लो श्रेणीमा लग्दछन् । यसले लुका ६:३८ पकियालाई पछ्याउँदछ, **देओ र तिमीहरुलाई पनि दिइनेछ** । मानिसहरुले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरुको पोल्टामा राखिदिनेछन् । किनकि **जुन नापले तिमीहरु दिन्छौं, त्यही नापमा तिमीहरुले पनि फिर्ता पाउनेछौं** ।

  जे तपाईले आफ्नो नानीहरुलाई दिनुहुन्छ (असलवा खराब) त्यो उनीहरुको जीवनमाअझ धेरै गरी फर्केर आनेछ ।

  **याकूबले आफ्नो बुवालाई धोका दिए**, त्यससको परिणाम स्वरुप वर्षौंको कठिन परिश्रम, वैवाहिक जीवनमा समस्या, र परिवारमा अमेलता आयो । जसरी याकूबले झूट र धोकाको साथआफ्नो बुवाको अनादर गरे, त्यसै गरी **उनका छोराहरुले पनि उनको अनादर गरे ।**(उत्पत्ति ३७:३१–३३)

- यदि आमा र बुवाले नानीलाई कुनै विषयमा के र कसरी शिक्षा दिने भन्ने बारे एउटै समझदारीमा आउँदैनन् भने भड्काउँने आत्मा, विवाद र रिस उनीहरुको परिवारमा आउँदछ जसले धेरै समस्याहरु ल्याउँन सक्छ । र जसरी नानीहरुलाई तालिम दिईन्छ, उनीहरुको वैवाहिक जीवनमा" त्यसरी  उनीहरु सफल हुँदैनन् ।"

- जीवनको सुरु अवस्थामा, नानीहरुले टेलिभिजन र उनीहरुको साथीहरुबाट सिक्न थाल्दछन् र प्रायत्यसले के अभिभावकले भन्दछन् र सिकाउँदछन् त्यो भन्दागहिरो प्रभावउनीहरुको जीवनमापारेको हुन्छ ।

    - टेलिभिजन समाचार र केहीअसलकार्यक्रमकालागिबाहेक नहेर्नु अत्यन्तै उत्तम हुन्छ ।
    यसले विदेशी र धेरै जसो समय खराब संस्कृतितपाईको घरमा ल्याउँदछ ।
    राजादाऊदले भन्दछन् : मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ । भजनसंग्रह १०१:३

    - आफ्नानानीहरुलाई असलकिताबदिनुहोस् र त्यसलाई पढेर नै मनोरञ्जन लिनलागिप्रोत्साहानगर्नुहोस् तर टेलिभिजनबाट होइन ।

    - साँझपख परिवार सबै मिलेर खेल खेल्न वा अरु अन्यकुनै कियाकलापगर्न सक्छौं । यसले परिवारमा सम्बन्धमजबुतबनाउँन सहयोग गर्छ र परमेश्वरको तालिमदिनअझ धेरै अवसरहरु दिँदछ ।

प्रश्न यो छ कि : “हाम्रो नानीहरुलाई के सिकाईनु पर्दछ ?”

उत्तर : बाइबलबाटको शिक्षा र परमेश्वरको सिकाऊने तरिका । हाम्रो स्वर्गीय पिताले हामीलाई प्रेम गर्नुहुन्छ र बाइबललाई आशिषित जीवनको लागि निर्देशन पुस्तिकाको रुपमा दिनुभएको छ ।

व्यवस्था ४:४० आज मैले तिमीहरुलाई दिन लागेका **उहाँका विधि** र **आज्ञाहरु** पालन गर, र **तिमीहरु र तिमीहरुका पछिका वंशको भलो होस्,** र परमप्रभु तिमीहरुका परमेश्वरले अनन्तकालसम्म दिनुभएको देशमा तिमीहरुको आयु लामो होस् ।

व्यवस्था ६:५–७ तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर । (६) मैले आज तिमीहरुलाई सुनाएका **आज्ञाहरु** आफ्नो मनमा राख । (७) **ती तिमीहरुले आफ्ना छोराछोरीहरुलाई होशियारसाथ सिकाओ** । घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा **तिनको चर्चा गर** ।

> अभिभावक हुनु भनेको **पूरा समय काम** हो, दिनमा २४ सै घण्टा, वर्षमा ३६५ दिनै ।
> अभिभावक हुनु भनेको **सेवकाई** हो जो तपाईलाई परमेश्वरले दिनुभएको हो ।
> यो सेवकाईमा **विश्वासयोग्य** हुनाले नै भविष्यका सेवकाईहरुमा तपाईलाई योग्य तुल्याउँदछ ।

अभिभावकहरुलाई आफ्नानानीहरु प्रति “वप्तिसमादिने यहुन्नाकोजस्तै सेवकाई” छ ।

- परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझो बनाओ । लुका ३:४

- आफ्ना नानीहरुको हृदय सोझो पथमा पार्न परमेश्वरको मार्ग तयार गर्नुहोस् ।

II. नानीहरुले आज्ञाकारी हुनसिक्नु पर्दछ ।

एफिसी ६:१–३
**छोरा–छोरी हो, प्रभुमा आफ्ना आमा–बुबाको आज्ञापालन गर**, किनकि यो उचित हो । (२) आफ्ना बुबा र आमाको **मान** गर ।(जो **प्रतिज्ञा सहितको** पहिलो आज्ञा हो),(३) कि तिमीहरुलाई भलो होस्, र पृथ्वीमा तिमीहरु दीर्घायु होओ ।

- हामीले हाम्रो नानीहरुलाई आज्ञाकारी हुन सिकाउनुपर्छ ।

- अभिभावकहरु नै **पहिलो व्यक्ति** हुन् जसलाई मान गर्न नानीहरुले सिक्नु **पर्दछ** । बुबा र आमाले आफ्ना नानीहरुलाई रक्षाको कवचले ढाक्नु पर्दछ– छाताले जस्तै शाररीक र आत्मिक हानीबाट जोगाऊनको निम्ति ।

  बाइबलले नानीहरु प्रति 'अधिकारको क्रममा' पहिलो पिता हो भनी सिकाउँदछ, त्यसपछि आमा । यो क्रमले शान्ति र आशिष् ल्याउँदछ ।

- हुर्किएका **नानीहरुले** सहज र **तुरुन्तै** कुनै कुरा नफर्काईकन आज्ञा **मान्न सिक्नुपर्दछ** । यो उनीहरुको सुरक्षाको निम्ति महत्वपूर्ण छ ताकि पछि उनीहरुले उनीहरुको सुरक्षाको लागि तुरुन्तै पवित्र आत्माका सुरुवाती आज्ञालाई मानून् ।

हितोपदेश २९:१५ सुधारको छड़ीले बुद्धि प्रदान गर्छ, तर छाडा छोडेको छोराले आफ्नीआमाको बेइज्जत गर्छ ।

- **सुधारको छड़ी र सम्झाउँनाले बुद्धि प्रदान गर्छ** - दुवै आवश्यक छन् ।

  सम्झाउँनाले किन उनीहरुले आज्ञा पालन गर्नुपर्दछ भन्ने सिकाउँदछ :

  1) ताकि सबै थोक उनीहरुको निम्तिअसलहोऊन् । (एफिसी ६:३)
  2) उनीहरुलाई आक्रमण गर्न शैतानलाई कुनै अवसर नदिनु हो । (एफिसी ४:१७) पापले हामीलाई आक्रमण गर्न शैतानलाई संवैधानिकअधिकार दिन्छ । (लूका २२:३१)
  3) "जो बालकआफ्नै तरिकामा जिउँछ, उसले आमालाई बेइज्जत ल्याउँदछ ।" अभिभावकलाई सर्ममापार्दछ किनकिउनीहरुले बालकलाई आज्ञाकारी बन्नसिकाएकाहुँदैनन् । तिमीहरुका फलबाट तिमीहरुले तिनीहरुलाई चिन्नेछौ । (मत्ती७:१६)

हितोपदेश २२:१५ बालकको हृदय**मूर्खताको** बन्धनले जेलिएको हुन्छ, तर **ताड़नाको बेतले** उसबाट त्यो **टाढ़ा भाग्नेछ** ।

- बालकहरु अनुशासितहुनुपर्दछ, नतामूर्खाई उनीहरुको जीवनमा रहन्छ ।

हितोपदेश २३:१३ बालकलाई **ताड़ना दिन नरोक्** । तैँले त्यसलाई बेत लगाएर सजायदिइस् भने त्यो मरिजानेछैन ।

- अनुशासनको सिमा रेखाउनीहरुको अनाज्ञाकारीताको अनुसार हुनुपर्दछ । तपाई यीप्रकारले अनुशासितबनाउँन सक्नुहुन्छ :
    - उनीहरुकाविशेष अधिकारहरुलाई १५ मिनेट, एक घण्टा, एक दिनवा एक हप्तासम्मको लागिनदिएर ।
    - नानीलाईउसको रिस शान्तपार्नको लागिउसको बेडमा पठाएर ।
    - अरु कामहरु गरेर ।

हितोपदेश १३:२४ छड़ी नचलाउने बुबाले आफ्नो छोरालाई घृणा गर्छ, तर **त्यसलाई प्रेम** गर्ने बुबाले होशियारसाथ त्यसलाई अनुशासन गर्छ ।

जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरिन्थी १६:१४

- तपाई **रिसाईरहनु** भएको अवस्थामा **कहिल्यै** सजाय नदिनुहोस् ।

  तपाईको नानीलाई बताउनुहोस् :

  (१) उनीहरुले **के** गरेका छन् । यसले उनीहरुलाई आफ्नो गल्तीको महशुस पैदा हुन्छ ।

  (२) **किन** तपाई उनीहरुलाई अनुशासनमा राख्दै हुनुहुन्छ- किनकि तपाई उनीहरुलाई प्रेम गर्नुहुन्छ, र येशु उनीहरुलाई प्रेम गर्नुहुन्छ, र जे उनीहरुले गरे त्यो गलत थियो । उनीहरुलाई बताउनुहोस् कि बाइबलले तपाईलाई उनीहरुलाई अनुशासनमा राख्न सिकाउँदछ । उनीहरुलाई बताउनुहोस् कि उनीहरुले सिक्नैपर्छ ताकि जीवनमा पछि उनीहरुलाई कुनै समस्या नहोस् ।

  (३) पर्खनुहोस् र **प्रार्थना** गर्नुहोस् जबसम्म तपाईको रिस शान्त हुँदैन र त्यसपश्चात आफूमा नियन्त्रणका साथ र नानीलाई ध्यानमा राखेर सजाय दिनुहोस् ।

  (४) उनीहरुले **कसरी** सजाय पाउनेछन् त्यो बताउनुहोस् । अनाज्ञाकारी कार्य गर्दा कस्तो अनुशासन वा सजाय दिने भन्ने बारे प्रार्थनासाथ बुबा र आमा दुवै सहमत हुनुपर्दछ । बुबा र

आमा **सधै सहमत हुनु** र एक-अर्काको कार्यमा **सहयोग** गर्नु अति महत्वपूर्ण छ । यसका लागि दुवैबाट 'लिने र दिने' आवश्यक पर्दछ ।

(५) सजाय दिने कार्य आफ्नो **निजी**मा गरिनुपर्छ । यो चाहिनेजति कठिन र लामो समयसम्म हुनुपर्छ जो ती पापका सुखभन्दा वजनदार होओस् ।

(६) जब यो सकिन्छ, नानीलाई शान्त हुन चाहिने समय दिनुहोस् र त्यसपछि उनीहरुसँग उनीहरुको गल्तीको बारे छलफल गर्नुहोस् ताकि उनीहरुले स्पष्ट बुझुन् र थाहा पाऊन् तपाई उनीहरुको व्यवहारबाट के चाहनुहुन्छ ।
(७) **नानीलाई तपाईको प्रेम र क्षमाको विश्वास दिलाउनुहोस्** जसको अर्थ तपाईले फेरि त्यस प्रकारको सजाय दिनुहुन्न । **सँगै प्रार्थना गर्नुहोस्** । धैर्य साथ पर्खनुहोस् र प्रार्थना गर्न नानीलाई पनि प्रोत्साहन गर्नुहोस् । नानीलाई गल्तीको लागि उनीहरुकै पश्चातापको प्रार्थनामा अगुवाई गर्नुहोस् । यसले उनीहरुलाई परमेश्वरप्रति पनि यहि प्रकारले कार्य गर्न सिकाउनेछ ।

- **कहिल्यै** पनि अनुशासनमा राख्न आफ्नो नानीलाई हातले नहिर्काउनु होस् वा थप्पड नलगाऊनु होस् । सानो छालाको पेटी, काठको चम्चा, वा सानो लचकदार काठ जस्ता वस्तुहरु नानीको **तिघ्रामा मात्र** प्रयोग गर्नुहोस् । सधैं एउटै वस्तु प्रयोग गर्नुहोस् ताकि उनीहरु डराउन जब तपाईले त्यो वस्तुलाई लिनु हुन्छ । तर तपाईले डर देखाउनको लागि आफ्नो हात प्रयोग नगर्नु होस् किनकि तपाईको हात केबल प्रेम र दयालुताका साथ छुनको लागि हो ।

- तपाईको अनुशासनले कहिल्यै नानीलाई चोट पुग्नुहुन्न । तपाईको हिर्काईले नीलडाम वा अन्य चोटहरु लाग्नुहुन्न ।

- हामी हाम्रो नानीहरुलाई **अनुशासनमा** राख्छौं **किनकि हामी उनीहरुलाई प्रेम गर्छौं** । हाम्रो नानीहरुलाई **थाहा** हुनुपर्छ र उनीहरु **पूर्ण** रुपले आस्वस्त हुनुपर्छ कि **हामी उनीहरुलाई असाध्यै प्रेम** गर्छौं त्यसैले अनुशासनमा राखेका हौं । हामीलाई थाहा छ कि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ किनकि उहाँले हाम्रो निम्ति बलिदान दिनुभयो । बुबाले नानीहरुको लागि त्यसै गर्छन् । उनीहरुलाई समहाल्नु होस् /उनीहरुसँग कुराकानी गर्नुहोस् /समय बिताऊनुहोस् / उनीहरुलाई आदर देखाउनुहोस् ताकि उनीहरुले थाहा पाऊन् कि तपाईको लागि उनीहरु एकदमै बहुमूल्य छन् ।

  यदि उनीहरुलाई थाहा छैन कि तपाईले उनीहरुलाई प्रेम गर्नुहुनछ, वा यदि तपाई उनीहरु प्रति कठोर हुनुहुन्छ भने तपाई केवल **"उनीहरुलाई रिसको लागि उक्साउँनु हुन्छ ।"** (एफिसी ६:४) र उनीहरुको हृदयमा **बिद्रोहको भावना उत्पन्न** गराउनु हुन्छ जो उनीहरुको जीवनबाट देख्न सकिन्छ ।

हिब्रु १२:६-८ किनभने **जसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ त्यसैलाई ताडना दिनुहुन्छ,** र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ । (७) ताड़नाको निम्ति नै तिमीहरु कष्ट सहन्छौं । परमेश्वरले तिमीहरुसँग छोरालाई झैं व्यवहार गर्नुहुन्छ । किनकि बुबाले ताड़ना नदिएको कुन चाहिँ

छोरा हुन्छ र ? (८) तर यदि सबै जना सहभागी भएको त्यो ताड़ना तिमीहरुले पाएका छैनौं भनेता तिमीहरु आफ्ना बुबाका खास छोराहरु होइनौ, तर व्यभिचारमा जन्मेका छोराहरु हौं ।

हिब्रु १२:११ सबै **ताड़ना** सुरुमा सुखद हुँदैन तर **दुःखदायी** हुन्छ, तर ताड़नाद्वारा तालीम पाएकाहरुका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ ।

१ शमूएल १५:२३ उहाँको **आज्ञा उल्लङ्घन गर्नु तन्त्रमन्त्रको पाप** जस्तै हो, र **हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो** ।

- **विद्रोह** गर्नु भनेको जानाजानी टाढै मोडिनु र तपाई माथि अधिकार भएको व्यक्तिको आज्ञा नमान्नु हो ।
- **हठी** हुनु भनेको केही कुरा पाउन जोड गर्नु वा आफ्नै तरिकामा र समयमा केही कुरा गर्नु ।
- **बहकाऊनु** भनेको आफ्नो इच्छाअनुसार पाऊनका लागि चलाखी वा कपटीका साथ व्यवस्थापन गर्नु हो । नानीहरु, साथै हामी कतिपय यसमा धेरै कुशल छौं ।
- विद्रोह, हठी, र बहकाऊ, यीनीहरु गम्भीर पापहरु हुन् र यसले हामीलाई आक्रमण गर्न **शैतानलाई आधिकारीक अधिकार दिन्छ** । किनकि नानीहरु प्राकृतिक रुपमा ठूलाहरुबाट आफूलाई मनपर्ने काम गराउँन खोज्छन् । यी पापहरुको विरुद्ध उचित काम हुनुपर्छ र उनीहरुको हृदयलाई अनुशासनमा राख्नुपर्दछ ।

हितोपदेश २२:६ बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

## III. नानीहरुले सबै अधिकार प्राप्त व्यक्तिहरुको आज्ञा पालन गर्न सिक्नुपर्छ ।

आफ्नो बुवा र आमाले सबै अधिकार प्राप्त व्यक्तिहरुको आज्ञा पालन गरेको देखेर उनीहरुले पनि आज्ञा गर्न सिक्नेछन् । (जे अभिभावकले गर्छन् त्यही नानीहरुले सिक्छन् ।)

रोमी १३:१-७ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासकहरु छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन् । (२) यसकारण प्रशासकहरुका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरुको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरुले दण्डको आज्ञा पाउनेछन् । (३) किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरुको डर मानिन्छ । के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ ? त्यसो भए,

असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ । (४) किनकि तिम्रो भलाईको निम्ति तिनी परमेश्वरका सेवक हुन् । तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन् । खराब काम गर्ने माथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन् । (५) यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ । (६) यसैकारणले पनि तिमी कर तिर्दछौ । किनकि प्रशासकहरु यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन् । (७) तिर्नुपर्ने कुरा सबैलाई तिर- कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर ।

मत्ती २२:१९-२१
कर तिर्ने सिक्का मलाई देखाओ "। अनि तिनीहरुले उहाँकहाँ एउटा सिक्का ल्याए । (२०) उहाँले तिनीहरुलाई भन्नुभयो,"यो चित्र कसको हो, अनि कसको नाउँ खोपिएको छ ?" तिनीहरुले उहाँलाई भने "कैसरको ।" तब उहाँले तिनीहरुलाई भन्नुभयो,"**यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ ।**"

मत्ती ८:८-१०
तर कप्तानले भने, हे प्रभु, तपाईलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ । तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ । (९) किनकि म पनि अधिकारीहरुका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरु छन् । म एक जनालाई 'जा' भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छुअनि त्यो आउँछ । मेरो कमारालाई 'यसो गर्' भन्छु, अनि त्यसले त्यो गर्छ ।" (१०) तिनको कुरा सुनेर येशुले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरुलाई भन्नुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, इस्त्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ ।"

**जोन विसले** अहिले सम्म बाँचेका प्रचारक मध्यका एक महान् प्रचारक थिए । उनी र अरु केही अन्य प्रचारकहरुलाई बेलायतको सामाजिक, आर्थिक, नैतिक, र सैन्य अवस्थालाई कान्तिबाट भत्कनबाट जोगउनका लागि श्रेय दिइन्छ जून कान्तिले पछि गएर फ्रान्सलाई विनाश गऱ्यो । सन् १७४०मा विसलेको पुनर्स्थापना अमेरिकामा पनि फैलियो । यसले नैतिकताको वातावरणलाई उत्पन्न गरायो जसमा जवान जोर्ज वासिङ्गटन र अन्य महान् नेतृत्वकर्ताहरु हुर्के र संयुक्त राज्य अमेरिकालाई विश्वकै महान् देश बनाउने बाटोमा डोहोऱ्याए ।

विसले उनको सतासी बर्षसम्मको जीवनमा परमेश्वरको ईच्छा परमेश्वरकै तरिकाले गर्न **पूर्ण रुपले समर्पित** रहे । एक समर्पित आमाले **दर्शन**का साथ आफ्ना नानीहरुलाई तालिम दिएर के पाऊन सक्छिन् भन्ने बारे उनको जीवन एक गवाही हो । **सुसान्ना विसले**को उन्नाईस जना नानीहरु थिए । उनले परिवारिक खेती चलाऊथिइन् र पाष्टरको श्रीमतिको हैसियतले बाइबल कक्षाहरुमा सिकाउँथिइन् । उनी उनका नानीहरुका लागि प्राथमिक तहको स्कुल टिचर थिइन् । उनको नानीहरुलाई दिने तालिमको **मुख्य** कार्य चाहिँ हरेकलाई सकेसम्म चाँडै **अधिकारीलाई स्वीकार्न** मा ल्याउनु थियो । एउटा पत्रमा उनले लेखिन् : "**नानीहरुका इच्छा माथि विजय पाउन म जोड दिन्छु** किनकि जब यो गरिन्छ, तब नानीहरुलाई एउटा कारणद्वारा चलाउन सकिन्छ र जबसम्म उनीहरुको सोचाई परिपक्व हुँदैन र **बाइबलको सिद्धान्तले उनीहरुको दिमागमा जरो गाड्दैन ।**" म अझै यो विषयलाई खारेज गर्न सक्दिनँ । **आफ्नै स्वईच्छा चाहिँ सबै पापहरुको र व्यथाको जरा हो,** यसले नानीहरु भित्र जे पनि दुरात्मा गर्छ ।

नानीहरुको लागि कडा अनुशासन र तालिमको एउटा महतवपूर्ण र मुख्य कारण चाहिँ उनीहरुलाई **आफ्नो स्वईच्छालाई नियन्त्रणमा** ल्याउन र त्यसमा विजय पाउन सिकाउनु हो ।

जोन विसलेको आमाले लेख्नुभयो : "जो अभिभावकले आफ्ना नानीहरुको **स्वईच्छालाई** हुर्कन दिन्छ, उनीहरुले शैतानको काम गरेका हुन् ।"

- यो पूरा गर्नलाई एउटा माध्यम चाहिँ **शक्त र सुरक्षित घेरा** तयार गर्नु हो जो नानीहरुलाई स्पष्ट रुपमा थाहा हुनुपर्छ र बुझ्नुपर्छ कि के मैले गर्न सक्छु र के मैले गर्न सक्दिनँ । र, उनीहरुलाई थाहा हुनुपर्छ कि त्यो तोकिएको घेरा पार गर्दा वा त्यसलाई तोड्दा उनीहरुले के सजाय पाउछन् । त्यसपश्चात यो **एकदमै महत्वपूर्ण** हो कि तपाई, अभिभावक सजाय दिन **सदैव समान्ता** हुनुपर्छ जबजब ती तोकिएका घेराहरु उनीहरुले तोड्दछन् । तपाईको यो समान्ताले नानीहरुलाई आफ्नो स्वईच्छालाई नियन्त्रण मात्र गर्न सिकाउँदैन तर चाहिने **सुरक्षाको** समज र स्पष्ट चेतना उनीहरुमा ल्याउँदछ ।

सुसाना विसलेलाई नानीहरुले उनको अधिकारत्वलाई नस्वीकारेसम्म नानीहरुप्रतिको उनको मायालाई उनीहरुले पहिचान वा कदर गर्दैनन् ,र उनका ज्ञानबाटका फईदा पाउँदैनन् र असल नैतिक व्यवहारमा हुँर्कदैनन् भन्ने उनलाई थाहा थियो ।

हितोपदेश २२:६ बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

## IV. परिवारको संगति

२ तिमोथी ३:१६-१७ **सम्पूर्ण पवित्र शास्त्र** परमेश्वरको **प्रेरणाबाट** भएको हो, र यो **सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम** दिनलाई **लाभदायक** हुन्छ, (१७) ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।

२ तिमोथी २:१५ शर्माउन नपर्ने र **सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने** कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहण योग्य तुल्याउने भरमग्दूर प्रयत्न गर ।

- नानीहरुले यो देख्न र जान्न पर्दछ कि **बाइबल** बुवा र आमालाई असाध्यै महत्वपूर्ण छ ।
- कहिलेकाही साँझको समय परिवार भेला भएर **धर्म शास्त्रका केही खण्डहरु पढ्नुपर्दछ र त्यसको बारे सबै मिलेर छलफल गर्नुपर्दछ** जसलाई बुवाले अगुवाई गर्नुपर्दछ । बुवाले नानीहरुलाई सोधेर सबैलाई सामेल गराउनु पर्दछ कि उनीहरुले के सोच्छन्, त्यो खण्डबाट हामीले के जान्न सक्छौं र त्यसलाई हामीले कसरी हाम्रो जीवनमा लागू गर्नसक्छौं । इसाई

भजन गाउने कार्य पनि त्यसमा समावेश हुनुपर्दछ । र, जसरी भनाई छ,“जुन परिवारले एकसाथ मिलेर प्रार्थना गर्दछ त्यो परिवार सदैवसाथ रहँदछ ।”

- सबै परिवार **पद** वा खण्डलाई **कण्ठ** गर्न एकसाथ काम गर्नुपर्छ । विसलेले उनका नानीहरु बोल्न सक्ने हुने बित्तिकै येशुको प्रार्थना सिकाईन् (मत्ती ६:९-१३) र परिवारले एकैसाथ हरेक दिन विहान र बेलुका त्यसलाई वाचन गरे । उनीहरुलाई प्रार्थनाको समयमा आफ्ना आँखा बन्द गरेर स्थिर भएर बस्न सिकाईयो ताकि उनीहरुले जे भन्दैछन् त्यसलाई सोचेर बोल्न सहयोग मिलोस् ।

- परमेश्वरको दिन अरु सबै दिनहरुभन्दा भिन्न छ थोरै कामद्वारा र परिवारसँगै एकसाथ भएर आरामद्वारा भन्ने विसलेको नानीहरुलाई सिकाईयो ।

- यसको उद्देश्य चाहिँ तपाईको नानीलाई **येशु ख्रीष्टसँगको व्यक्तिगत सम्बन्ध निर्माण गर्न** हो र हरेक दिन परमेश्वरकोसाथ **हिड्नको** लागि हो ।

    - एउटा सम्बन्धलाई सम्वादको **आवश्यक** पर्दछ, एक अर्कासँग कुराकानी हुनुपर्दछ । तपाई आफूलाई मनपर्ने व्यक्तिसँग समय विताउनुहुन्छ र कुरा गर्नुहुन्छ । अरुको साथ.....?

    - जब तपाई आफ्नो नानीहरुलाई सुन्न र उनीहरुसँग कुरा गर्न बढी **समय** बिताउँनु हुन्छ, तपाईको उनीहरुसँग राम्रो सम्बन्ध हुँदै जादँछ ।

    - जब उनीहरु परमेश्वरसँग कुरा गर्न र उहाँको आवाजलाई सुन्न सिक्न बढी समय बिताउछन् तब उनीहरुको परमेश्वरसँगको सम्बन्ध राम्रो हुँदै जाँदछ ।

    - आफ्ना नानीहरुलाई **प्रार्थना** नै विहान उठेपछिको पहिलो कार्य र राती सुत्नु अघिको अन्तिम कार्य बनाउनलाई सिकाउनुहोस् र तालिम दिनुहोस् ।

हरेक साना कुराको निम्ति **धन्यवाद दिन** उनीहरुलाई सिकाउँनुहोस्-हृदयको हरेक धड्कनको लागि, आँखाद्वारा परमेश्वरको सृष्टि देख्न पाएको लागि, कानद्वारा चराहरुका आवाज सुन्न पाएको लागि, उहाँको सृष्टिलाई बुझ्नको लागि दिनुभएको दिमागको लागि, उनीहरुको बुवा र आमाको लागि, दाजुभाई र दिदीबहिनीको लागि, खानाको लागि, स्वस्थ्यको लागि.......हरेक साना कुराको लागि ।

मत्ती ६:५-८ “**जब तिमी प्रार्थना गर्दछौं** तब ढोंगीहरु जस्ता नहो, किनकि तिनीहरु सभाघरहरुमा र सडकहरुका कुनामा मानिसहरुले देखुन् भनी खड़ा भएर प्रार्थना गर्न मन गर्दछन् । साँच्चै, म तिमीहरुलाई भन्दछु, तिनीहरुले आफ्नो ईनाम पाईसकेका छन् । (६) तर **तिमी जब प्रार्थना गर्दछौं, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर** गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई ईनाम दिनुहुनेछ । (७) र प्रार्थना गर्दा अन्य जातिहरु जस्ता व्यर्थै नबर्बराओ । किनभने धेरै शब्दमा बोल्दा तिनीहरुको सुनाई हुन्छ भन्ने तिनीहरु विचार गर्दछन् । (८) यसकारण

तिनीहरु जस्ता नहोओ । किनभने तिमीहरुले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरुलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरुका पिता जान्नुहुन्छ ।

हितोपदेश २२:६ बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

## V. नैतिक विकासको उद्देश्य

२ पत्रुस १:५ यसैकारण **सबै किसिमका प्रयत्नद्वारा** तिमीहरुको विश्वासमा सद्‌गुण र सद्‌गुणमा ज्ञान थप ।

हितोपदेश ११:३ **ईमानदारी** नै **सोझाहरुको पथ-प्रदर्शक हो**, तर विश्वासघातीहरु आफ्नै कपटले नष्ट हुन्छन् ।

- **ईमान्दारीता**-उत्कृष्ट नैतिक जीवन जिउने गुणस्तरीय जीवन ।
- **ईमानदार** शब्दको अर्थ मुलतः"सोझोपनसाथ जिउनु हो" नताकि देखावटी रुपमा असल काम गर्नु ।
- **ईमानदारीपना** भएको मानिसको **भित्री हृदयमा** दृढ़विश्वास हुन्छ जसले उसको **बाहिरी व्यवहारलाई नियन्त्रण गर्दछ ।**

१ तिमोथी १:१८-१९ **विश्वास** र **स्वच्छ विवेक** कायम राख । कुनै-कुनै मानिसले विवेकलाई **इन्कार** गरेर आफ्नो विश्वासको जहाज डुबाएका छन् ।

- **असल** र **स्पष्ट** विवेक कायम राख्न आफ्ना नानीहरुलाई पहिला आज्ञाकारी हुन सहायता गर्नुहोस् । तर यदि उनीहरुले यसो गरेनन् भने, पवित्र आत्माको **अभिप्राय** पहिचान गरेर र अभिभावक र परमेश्वर प्रतिको गलत व्यवहारलाई (१ यहुन्ना १:९) **स्वीकार्नु** हो ।

१ तिमोथी ४:२ झुट बोल्ने मानिसहरुका छलद्वारा नै यो हुनेछ, **जुनहरुका विवेक** तातो फलामले डामेको जस्तो हुन्छ ।

१ तिमोथी १:५ हाम्रो आज्ञाको **लक्ष्य** प्रेम हो, जो **शुद्ध हृदय**, **असल विवेक** र **निष्कपट विश्वासबाट** आउँछ ।

१ कोरन्थी १३:४-८ **प्रेम सहनशील हुन्छ,** र **दयालु** हुन्छ । प्रेले **डाह गर्दैन**, नशेखि । (५) प्रेम **हठी हुँदैन, न ढिट हुन्छ** । प्रेमले आफ्नै कुरामा **जिद्दी गर्दैन**, **झर्को मान्दैन**, खराबीको हिसाब राख्दैन । (६) प्रेम

**खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ ।** (७) **प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ** । (८) प्रेमको कहिल्यै अन्त्य हुँदैन । अगमवाणीहरु बितेर जानेछन्, भाषाहरु बन्द हुनेछन्, ज्ञान टली जानेछ ।....प्रेम कहिल्यै विफल हुँदैन ।

रोमी १३:९-१० यी आज्ञाहरु बाहेक, र अरु जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाईन्छ, अर्थात " तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर् ।" (१०) **प्रेमले छिमेकीको खराबी गर्दैन** । यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो ।

महत्वपूर्ण कुरा जो तपाईले नानीहरुलाई सिकाउन/तालिम दिन सक्नुहुन्छ :

"तैले परमप्रभु आफ्ना **परमेश्वरलाई** आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले **प्रेम गर्नु** । (३८) महान् र प्रथम आज्ञा यहि हो । (४९) दोस्रो पनि त्यस्तै छ, **तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नु** । मत्ती २२:३७-४०

नानीहरुमा असल व्यवहार विकास गर्नलाई, अभिभावकहरुले पनि उनीहरुको जीवनमा असल व्यवहार लागू गरेको हुनुर्पछ, ताकि नानीहरुले त्यसलाई देखेर त्यसबाट सिक्न र पछ्याउँन सक्छन् ।

अभिभावकलाई नोट :
परमेश्वरको अनुग्रह र सहायता उनीहरुलाई उपलब्ध हुन्छ जस-जसले उहाँलाई पुकार्दछ ।

२ कोरन्थी ९:८ परमेश्वरले तिमीहरुलाई हरेक आशिष् प्रशस्त मात्रामा दिनसक्नु हुन्छ, ताकि तिमीहरुसित सधैं नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरुले प्रशस्त मात्रामा दिन सक । तपाईको नानीलाई तालिम दिन परमेश्वरले तपाईलाई सहयता गर्नु हुनेछ ।

एफिसी ५:२ तिमीहरु प्रेममा चल, जसरी खीष्टले पनि हामीहरुसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रो निम्ति अर्पण गर्नुभयो ।

कलस्सी १:१० उहाँलाई पूर्णरुपले **प्रसन्न पार्ने** प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैं जान सक ।

१ थेसलोनिकी ४:१ तिमीहरुले कसरी जीउँनु र **परमेश्वरलाई प्रसन्न** तुल्याउँनु पर्छ भन्ने तिमीहरुले हामीबाट सिक्यौं र त्यसो गर्दै पनि छौं, त्यसैमा **तिमीहरु झन् बढ्दै जाओ** ।

- अभिभावकले अनुशासित जीवन जीउँनु नै नानीहरुको तालिमको पहिलो तह हो जसले....।
    - **जे सहि छ त्यो गर्नु,** सहि तरिकाले, सहि समयमा, सहि सोचका साथ यद्यपि त्यो कठिन होस् वा त्यसबाट केही स्याबासी पाउनुहुन्न ।
    - **सहि गर्नुहोस्,** यद्यपि त्यो कठिन होस् वा त्यसको मूल्य चुकाउन परोस् ।

- **नानीहरुलाई जे सहि छ त्यही नै गर्न सिकाउनुपर्छ**-र त्यहि नै गर्न लगाउनुपर्छ-जबसम्म जे सहि छ त्यो उनीहरुले स्वत वा आफै गर्दैनन् ।

- अन्तिम उद्देश्य-र अत्यन्त महर्तपूर्ण-चाहिँ नानीहरुलाई उनीहरुको **आफ्नै व्यवहारले अनुशासनमा राखोस्** ।

१ कोरन्थी ९:२७ तर म आफ्नो शरीरलाई **कठोरता**साथ सधाउँछु ।

कलस्सी २:५ तिमीहरुका **सुव्यवस्था** र खीष्टमा तिमीहरुका विश्वासको **स्थिरतामा** म रमाउँदछु ।

१ तिमोथी ४:७ बरु आफैलाई **भक्तिमा** तालिम देऊ ।
उनका समस्याहरुका बाबजूत परमेश्वरलाई थाहा थियो कि अयूब ईमानदार मानिस थिए ।"....परमेश्वरसँग **डर राख्ने** र **दुष्ट कामबाट अलग रहने** त्योजस्तो **निर्दोष र सोझो मानिस** पृथ्वीमा अरु कोही छैन ।" अयूब २:३

अयूबले परमेश्वरमा भरोसा राख्न र **सहि काम गर्न कहिल्यै** छोडेनन् यद्यपि जब उनको **परिवार**, उनको **अधिकार**, र उनको **स्वस्थ्य**लाई उनीबाट **खोसिएको** थियो । उनको ईमानदारी स्वभाव थियो । **उनले सही काम नै निरन्तर गरे किनकि उनी भित्री गहिराईमा ईमानदारीपना थियो** ।

- यो विश्वलाई अयूब जस्तै थुप्रै मानिसहरुको खाँचो छ ।

रोमी ५:३-४ यति मात्र होइन, तर हामी आफ्नो **सङ्कष्टमा रमाउँछौं,** यो जानेर कि सङ्कष्टले **सहनशीलता** उत्पन्न गराउँछ ।

जसरी एउटा भनाइ छ-कागतीलाई निचोरेपछि त्यसबाट कागतीको रस आउँछ ।
भित्र के छ भनेर जान्ने सही परिक्षा यो हो कि दबाबमा के बाहिर आउँदछ ।

हितोपदेश २२:६ बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।
जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

## VI. महत्वपूर्ण चरित्र जो हरेक व्यक्तिमा हुनुपर्छ :

चरित्र-तपाईको को हुनुहुन्छ जब कसैले होइन तर परमेश्वरले तपाईलाई हेरीरहनु भएको हुन्छ ।

**आज्ञाकारीता -** त्यही गर्नु जो अधिकारप्राप्त व्यक्तिले अह्र्याउँछ वा चाहन्छ ।

- यो “आफ्नै प्रकारले आफ्नो काम गर्ने” वा आफ्नै चाहाना गर्ने भन्दा उल्टो छ ।

  लुका ९:२४ किनकि जसले आफ्नो प्राण बचाउँने इच्छा गर्छ, त्यसले त्यो गुमाउँनेछ । तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यले त्यो बचाउँनेछ ।

- अधिकारप्राप्त व्यक्तिले जे अह्याउँछ वा चाहान्छ त्यो कुरालाई मान्नु साँचो आज्ञाकारीतामा समाहित हुन्छ । र त्यसलाई तुरुन्तै, आदरका साथ, खुशीका साथ र पूर्ण रुपले गर्नुपर्दछ ।

- अधिकारप्राप्त व्यक्तिको आज्ञा मान्नु परमेश्वरको आज्ञा मान्नु हो । उहाँले नै हामीलाई अधिकारप्राप्त व्यक्तिको आज्ञा मान्नु भनेर आज्ञा गर्नुभएको छ, चाहेँ त्यो सहि होस् वा गलत ।

यूहन्ना ३:३६ पुत्रको आज्ञापालन गर्नु ।
प्रेरित ५:२९ हामीले परमेश्वरको आज्ञा मान्नु पर्दछ ।
एफिसी ६:१ आफ्ना अभिभावकको आज्ञा मान्नु ।
कलस्सी ३:२२ उनीहरुको आज्ञा मान्नु जो पृथ्वीमा तिमीहरुका गुरु हुन् ।
२ थेसलोनिकी १:८ हाम्रा प्रभु येशु खीष्टको सु-समाचारको आज्ञा मान्नु ।
हिब्रु १३:१७ आफ्नो अगुवाहरुको आज्ञापालन गर ।
१ पत्रुस १:२ येशु खीष्टको आज्ञा मान्नु ।

बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

जे गर्छौं ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

**आदरपूर्ण** - अरुलाई दिइएको वास्तविक सम्मान र उच्च श्रद्धा ।

सुनौलो नियम :
**मानिसहरुले तिमीहरुसँग जस्तो व्यवहार गरुन् भन्ने तिमीहरु चाहन्छौं, तिमीहरुले पनि तिनीहरुसँग त्यस्तै व्यवहार गर ।** मत्ती ७:१२

**आदर भनेको :**

- **अरुहरु** पनि अति नै **मूल्यवान्** छन् र परमेश्वरले उनीहरुलाई पनि प्रेम गर्नुहुन्छ भनेर पहिचान गर्नु । एक व्यक्तिको रुपमा उनीहरुको **मूल्य** येशु खीष्टले उद्धार गर्न वा उनीहरुलाई उहाँमा किन्न तिर्नु भएको मूल्यले निर्धारित गऱ्यो ।

- आमा र बुबाले **एक-अर्काको लागि** उच्च आदर देखाउनु पर्दछ र अरु व्यक्तिलाई बोलीबाट र व्यवहारबाट आदर देखाएर नानीहरुलाई पनि त्यस्तै गर्न सिकाउनु पर्दछ । कहिल्यै अनादरपूर्ण, चोटपूर्ण शब्द वा व्यवहार गर्न दिनुहुन्न ।

- बुबा र आमाले जहिल्यै आदरपूर्वक प्रतिक्रिया नानीहरुलाई दिनुपर्दछ जसले अनुशासनको दौरान पनि एउटा व्यक्तिको रुपमा सुधार्न नानीलाई योग्य बनाउँछ ।
  कलस्सी ४:६ नूनले स्वादिलो पारेजस्तो (खानालाई स्वादिलो पारेजस्तो) तिमीहरुको बोलीवचन सधैं कृपालु होस्, ताकि प्रत्येकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरु जान ।

- बुबा र आमाको कुनै सम्प्रदाय, मानिसको समूह, जाति वा वर्ग प्रति पक्षपात भावना हुनुहुँदैन ।

- केटाहरुले महिलाहरुलाई आदर गर्न सिक्नेछन् जब उनीहरुको बुबाले कुनै महिला कोठाभित्र पस्दा उठेर आदर देखाउँनु हुन्छ, उहाँहरुको लागि ढोका खोलेर, र अन्य कुराहरु जसले आदर देखाउँछ । यस्तै आदर गर्न केटाहरुलाई सिकाईनु पर्छ ।

लेवी १९:३२ बुढापाकाका सम्मानमा **उठ** र वृद्ध मानिसको **आदर गर** । तिमीहरुले परमेश्वरको **भय** मान । म परमप्रभु हुँ ।

रोमी १३:७ **तिर्नुपर्ने कुरा सबैलाई तिर..........इज्जत गर्नुपर्नेलाई इज्जत गर ।**

- **नानीहरुलाई आदर गर्न सिकाईनुपर्छ** :

  - **उनीहरुको आफ्नै सामानहरुको आदर गरेर,** कोठा सफा राखेर,लुगा र खेलौना उठाएर र सही ठाउँमा राखेर जब त्यसको काम सकन्छ । विहान उठेपछि विस्तारा मिलाएर ।

- **अरुको सम्पत्ति र सामानको आदर गरेर,** अरुको सामान बिना इजाजत नलिने वा नचलाउने । यदि चलाउने अनुमति दिईयो भने पनि विशेष ध्यान दिएर चलाउने र त्यसको सही ठाउँमा वापस राखिदिने ।

- **अरुको गोपनियताको आदर गरेर,** उनीहरुको परिवारबाटै सुरुवात ।

१ पत्रुस २:१८ कमारा हो, सम्पूर्ण **आदरपूर्वक** आफ्ना मालिकहरुका अधीनमा बस । तिमीहरुमाथि दयालु र भला हुनेहरुका अधीनमा मात्र होइन, तर निर्दयीहरुका अधीनमा बस ।

लुका १८:२ कुनै एउटा सहरमा **परमेश्वरको भय नमान्ने** र **मानिसको वास्ता नगर्ने** एक जना न्यायधीश थिए ।

- परमेश्वरप्रतिको हाम्रो **डर** वा **श्रद्धा** र अरुप्रतिको हाम्रो **आदर** सँगसँगै जादँछ ।

- परमेश्वरप्रति श्रद्धापूर्ण डर र मानिसहरुप्रति आदर गर्न **नानीहरुलाई सिकाईनु पर्दछ** ।

लेवी १९:३० तिमीहरुले मेरो शबाथ **पालन गर्नू** र मेरो पवित्रस्थानको **आदर** गर्नू । म परमप्रभु हुँ ।

- **परमेश्वरलाई आदर गर्न सिकाउने** :

  - हाम्रो शिरलाई निहुराउनु र हाम्रो आँखालाई बन्द गर्नु पर्दछ जब हामी सामूहिक प्रार्थना गर्दछौँ जस्तै हाम्रो खाना खाने बेला । आखाँ बन्द गर्नाले नानीहरुलाई परमेश्वरप्रति ध्यान केन्द्रीत गर्न र प्रार्थनामा ध्यान केन्द्रीत गर्न सहयोग गर्दछ नताकी अरु नानीहरुमा वा खानामा ।

  - चर्चको सेवकाईमा जाँदा राम्रो लुगा लगाउँने र ध्यानपूर्वक बस्ने र सहभागी हुने ।

  - सुसाना विसलेले नानीहरुलाई खाना खाने बेला राम्रा लुगा लगाई दिन्थिन् र टेबलमा बस्दा नानीहरुको असल व्यवहारलाई नियाल्थिन् जसले अरुप्रति आदर देखाउँछ ।

लुका २०:१३ अब म के गरुँ ? म आफ्नो प्यारो छोरो पठाउँनेछु । शायद उसलाई त तिनीहरुले आदर गर्लान् ।' उनीहरुले गरे त?

बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

**धन्यवादीता**

लुका १७:१५-१७ तिनीहरुमध्ये एक जनाले आफू निको भएको देख्यो, र उच्च सोरले परमेश्वरको महिमा गर्दै त्यो फर्क्यो, (१६) र येशूलाई धन्यवाद दिएर त्यो येशूको पाउमा घोप्टो पर्‍यो । त्यो एक सामरी थियो । (१७) येशूले भन्नुभयो,"के निको भएका दश जना होइनन् र? अरु नौ जना कहाँ छन्?"

यी सबै घटनाहरुबाट, प्राय जसो मानिसहरु सामान्यता धन्यवादीता हुँदैनन् ।

१ थेसलोनिकी ५:१८ **सबै परिस्थितिमा धन्यवाद देओ**, किनकि ख्रीष्ट येशुमा तिमीहरुका लागि परमेश्वरको इच्छा यही हो ।

२ थेसलोनिकी २:१३ प्रभुले प्रेम गर्नुभएका भाइहरु, तिमीहरुका निम्ति हामी परमेश्वरमा **सधैं धन्यवाद चढ़ाउन** बाध्य छौं ।

हिब्रु १३:१५ यसकारण परमेश्वरलाई येशुद्वारा प्रशंसाको बलि निरन्तर चढ़औं । यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्न ओठको फल हो ।

नानीहरु बोल्न जान्ने बित्तिकै उनीहरुलाई "**धन्यवाद दिन**" सिकाउनु पर्दछ । धन्यवाद चाहिँ खानाको निम्ति, अन्य केही कुरा जो उनीहरुलाई दिईन्छ वा उनीहरुको लागि दिईन्छ ।

१ कोरन्थी ४:७ किनभने अरुभन्दा तिमीहरु कुन कुरामा फरक छौं? तिमीहरुसित के छ, जो तिमीहरुले पाएका होइनौं? अनि तिमीहरुले त्यो पाएका छौ भने त्योचाहिँ वरदान होइन जस्तै गरी किन तिमीहरु घमण्डले फुल्दछौं?

जब हामीले माथिको प्रश्नको उत्तर दिन प्रयास गर्दछौं, हामीले यो महशुस गर्न थाल्दछौं कि कत्ति हामीलाई परमेश्वरबाट र अरुबाट **दिइएको छ** ।

- आफ्नो नानीहरुलाई देख्न र बुझ्न सहयोग गर्नुहोस् र **धन्यवादीको मानसिकता** विकास गर्न सहयोग गर्नुहोस् ।
    - उनीहरुको लागि सबै कुरा जे दिईन्छ र गरिन्छ त्यसको लागि **"धन्यवाद"** भन्न ।
    - "धन्यवादको" पत्र लेखाउने ।
    - उनीहरु केटा वा केटी भएकोमा उनीहरुलाई धन्यवादी हुन सिकाउँनुहोस् । "यदि म केटा भएकोमा.......वा यदि म केटी भएकोमा......"भनेर कहिल्यै भन्न नसिकाउनुहोस् ।

- उनीहरुलाई धन्यवादी हुन सिकाउँनुहोस् कि परमेश्वरले उनीहरुलाई बनाउनुभयो, उनीहरुको आँखा, नाक, उनीहरुको कपाल, उनीहरुको उचाँई, उनीहरुको छालाको रङ्गको निम्ति ।

- उनीहरुलाई खानाको निम्ति धन्यवाद दिन सिकाउँनुहोस् ।

पाँच हजार खुवाउँनुभएको : तब येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढ़ाउनुभएपछि बस्नेहरुलाई बाँड़िदिनुभयो, र त्यसै गरी माछा पनि बाँडिदिनुभयो । तिनीहरुले चाहेजति खाए । यूहन्ना ६:११

- नानीहरुलाई सिकाउनुहास् कि **सबै प्रार्थनामा धन्यवादीता** र **उद्धारता** हुन सिकाउनुहोस् । भजनसंग्रह ३०:१२, ४४:८, ७९:१३.

फिलिप्पी ४:६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरुका बिन्ती परमेश्वरमा जाहेर होऊन् ।

धन्यवादीता र उद्धारताको मानसिकता विकास गर्नु अति नै महत्वपूर्ण हुन्छ जसले परमेश्वरप्रति संवेदनशील हृदय विकास गर्दछ ।

रोमी १:२१-२४ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरुले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद् नै चढाए, तर तिनीहरु आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरुको मूर्ख मन अझ अँध्यारो भयो । (२२) बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरु मूर्खै भए, (२३) र तिनीहरुले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्त्रने जीवहरुका मूर्तिका रुपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे । (२४) यसकारण परमेश्वरले तिनीहरुलाइृ तिनीहरुका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरुले आपसमा आफ्ना शरीरको अनादर गरुन् ।
बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।
जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

**सत्यता/ ईमान्दार**
सत्यताबाट हामीले अरुको **भरोसा कमाउन** सक्दछौँ । हामी आफैँलाई छुट नदिएर, गल्ती नढाकेर वा सही तथ्य र घटनालाई उजागर गरेर ।

एफिसी ४:२५ झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल ।

एफिसी ४:१५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ ।

- सत्य बोल्दा मात्र हामी ख्रीष्टमा हुँर्कन्छौँ वा परिपक्व हुन्छौँ ।

- जब हामी झूठ बोल्छौँ, हामी शैतान झैँ कार्य गरिरहेका हुन्छौँ ।
  यहून्ना ८:४४ "....शैतान....सत्यसँग त्यसलाई केही वास्ता छैन । किनभने त्यसमा केही सत्य छैन....त्यसले झूट बोल्दछ...त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने **त्यो झूट हो र झूटको पिता हो** ।"

- तपाईको नानीलाई यो बुझ्न सहयोग गर्नुहोस् र पूरै परिवार (अभिभावकलाई पनि) **कहिल्यै झूट नबोल्ने प्रण गर्नुहोस् ।** यो गर्न एकदमै गाह्रो छ तर यसमा गम्भीरतासाथ काम गर्नु पर्दछ र विस्तारै सुधार देखापर्दछ । एक-अर्कालाई सहयोग गर्नुहोस्, आफ्नो असफलता(झूटहरुलाई) एक-अर्कासँग स्वीकार गर्नुहोस्, र सकेसम्म क्षमा दिनुहोस् जब आफैबाट प्रोत्साहित झूटको प्रणलाई सुन्नुहुन्छ । अदालतमा भन्न लगाए झैँ "म सत्य बोल्ने प्रण गर्छु, सम्पूर्ण सत्य, र सत्यबाहेक म केही बोल्दिन ।"

- यो महत्वपूर्ण छ कि अभिभावकले उनीहरुका नानीहरुलाई **राम्रो बोल्न र असल व्यवहार गर्न** उत्साहित गर्नुपर्छ, यस्ता कुराहरु भनेर,"म तिम्रो सराहना गर्छु कि तिमीले लगभग सधैँ सत्य बोल्छौँ ।" "म सराहना गर्छु कि तिमीले अझै सत्य बोल्दैछौँ र तिमी झूठो होईनौँ ।"

- **सकारात्मक उत्साह** दिनाले नानीहरुले कठिन कोसिशका साथ तपाईले भने झैँ जीउन खोज्नेछन् । यस्ता कुराहरु कहिल्यै नभन्नु होस्, "तिमी झूठा हौँ ।" तपाईका नानीले यस्तो कहिल्यै सुन्नुहुन्न वा यो ठान्नुहुन्न "म झूठा हुँ ।" तर यो ठान्न सुरुवात गर्नुपर्छ कि "म सत्य बोल्छु ।"

- **नानीलाई झूठ बोलेको दोष कहिल्यै नलगाउनु होस्** जबसम्म तपाई पूर्णरुपमा निश्चित हुनुहुन्न । जब तपाईलाई झूठ बोलेको शंका हुन्छ, प्रार्थना गर्नुहोस् र परमेश्वरलाई झूठलाई दोषी प्रमाणित गर्न वा खुलाउँन भन्नुहोस् ।

- सत्यता विकास गर्न सघाउँने साँचो तरीका चाहिँ तपाईको नानीलाई सत्यताको अनुभूति गराउन र गन्ती ३२:२३को वास्तविकता बुझ्न सहयोग गर्नु हो । **तिमीहरुको पापले अवश्य तिमीहरुलाई फेला पार्नेछ ।**

हितोपदेश १२:२२ परमप्रभु झूठा ओठलाई घिनाउँनुहुन्छ तर **उहाँ सत्यवादी मानिससँग प्रशंन्न** हुनुहुन्छ ।

- नानीहरुका सामु तपाईको **आफ्नै जीवनलाई** सत्यताको र असफलता **स्वीकार**को उदाहरण बनाउँनुहोस् । उनीहरुलाई सान्ता क्लस वा अरु कुनै कथा बारे झुठ नभन्नुहोस् । यसले उनीहरुमा के परमेश्वर साँच्चै हुनुहुन्छ भन्ने प्रश्न उठ्नेछ ।

- नियम बनाउँनुहोस् कि यदि नानीले सत्यता स्वीकार्छ भने र फेरि त्यसलाई नदोहोऱ्याउँने वाचा गर्छ भने उसको सजाय कम गरिनेछ । यसले टाढैसम्म नानीलाई झूठ नबोल्न र यदि गरे पनि त्यसलाई स्वीकार्न उत्साह दिनेछ ।

बालकलाई ऊ **हिड्नुपर्ने बाटोमा तालिम** देओ, र वृद्धा अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

**ईमानदारीता-** सधैँ जे सहि छ त्यहि गर्नु, जे हामीलाई गर्न भनिएको छ, तपाईबाट जे आशा राखिएको छ, तपाई के गर्नुहुन्छ यद्यपि तपाईलाई त्यो गर्न भनिएको छैन ।

- यी गुण भएको मानिसले यस्ता गर्नु पर्ने कुरा देख्दछन् र त्यसको ध्यान राख्दछन् ।

यो चाहिँ

लुका १२:४२ प्रभुले भन्नुभयो,"**त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो**, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरुका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्?"

ईमादारीताले **प्रशस्त इनाम** ल्याउँदछ र **अवसरका** ढोकाहरु खोल्दछ । ईमानदारी मानिसले साना कुराको पनि बिस्तृत रुपमा ध्यान राखेको हुन्छ र जहिल्यै जे सहि छ त्यसको बेवास्ता नगरिकन र छोटो बाटो नअप्नाईकन गर्दछ ।

लुका १६:१०-१३ जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ । (११) यसकारण तिमीहरु सांसारिक धनमा ईमानदार भएनौं भने, तिमीहरुलाई साँचो धनकाके जिम्माकसले देला? (१२) यदि तिमीहरु अर्काको धनमा ईमानदार भएनौं भने, तिमीहरुको आफ्नै धन तिमीहरुलाई कसले देला र?

यो गुणले **प्रगति, सफलता, र उन्नति** ल्याउँदछ ।

मत्ती २५:२३ त्यसका मालिकले त्यसलाई भने, '**स्याबास,** असल र **विश्वासी नोकर**, **तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु** । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।'

ईमानदारीताले तपाईलाई माथिल्लो श्रेणीमा पुग्न योग्य बनाउँदछ र तपाईको **पदोन्नति** गर्दछ।

१ कोरन्थी ४:१७ यसैले तिमीहरुकहाँ **तिमोथी**लाई पठाउँदैछु । तिनी प्रभुमा मेरा प्यारा र **विश्वासी** छोरा हुन् । मैले सबै ठाउँमा सारा मण्डलीमा सिकाएबमोजिम ख्रीष्टमा ोरो जीवन कस्तो छ, सो तिनले तिमीहरुलाई सम्झना गराउनेछन् ।

प्रेरित पावलले उनीहरुलाई **अवसर** दिए जसलाई उनले **विश्वास** गर्न सक्थे ।

एफिसी ६:२१ म कस्तो छु र के गरिरहेको छु, ती तिमीहरुलाई पनि थाहा होस् भनेर प्रिय भाई र प्रभुमा **विश्वासी सेवक तुखिकसले** सबै कुरा तिमीहरुलाई बताउनेछन् ।

कलस्सी १:७ जून कुरा तिमीहरुले हाम्रा प्रिय संङ्गी-दास **इपाफ्रास**बाट सिक्यौं । तिनी हाम्रा पक्षमा ख्रीष्टका एक **विश्वासी** सेवक हुन् ।

कलस्सी ४:९ तिनीसँग **ओनेसिमस** आउँदैछन्, जो तिमीहरु मध्येका एकजना हुन्, र तिमी हाम्रा **विश्वासी** र प्रिय भाई हुन् ।

१ तिमोथी ३:११ स्त्रीहरु पनि यहि बमोजिम गम्भीर,अर्काको बदख्वाइँ नगर्ने, तर **सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ** ।

२ तिमोथी २:२ धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौं, ती अरुहरुलाई पनि सिकाउन सक्ने **विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ** ।

हिब्रु ३:५ अब भविष्यमा बोलिने कुराका गवाहीको निम्ति **मोशा** परमेश्वरका सारा घरानामा दासकोरुपमा **विश्वस्त** थिए ।

१ पत्रुस ५:१२ विश्वासयोग्य भाइ सिलासलाई यो छोटो पत्र लेखाइरहेछु ।

प्रकाश २:१३ मेरो विशवासयोग्य साक्षी एन्टिपासको समयमा पनि ममाथिको आफ्नै विश्वास तिमीहरुले त्यागेनौ ।

साँचो चरित्र जीवन जीउने एक शैली हो यद्यपि यसो गर्न कहिलेकाहीँ गाह्रो हुन्छ ।

प्रकाश २:१० तिमीले भोग्न लागेका कष्टहरुसँग नडराओ......तिमीहरुका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ.........तिमी मृत्युसम्मै **विश्वासी होओ** र म तिमीलाई जीवनको मुकुट दिनेछु ।

**भरोसायोग्य / विश्वासयोग्य**
जे मलाई भनिएको छ त्यसलाई पूरा गर्नु यद्यपि त्यसकोलागि नसोचेको बलिदान दिनु परोस् ।

भजनसंग्रह १५:४ जसले आफ्नो हानी हुँदा पनि आफूले प्रतिज्ञा गरेको कुरा बद्लँदैन ।

**निष्ठावान्**
मेरो प्रतिबद्धता निश्चित गर्नलाई विविध

यहून्ना १५:१३ आफ्ना मित्रहरुका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरु कसैको हुँदैन ।

**दासको रुपमा सेवा गर्नु**

**यहून्ना १३:१४-१५** यदि तिमीहरुका **प्रभु र गुरु** भईकन मैले तिमीहरुका गोडा धोएको छु भने **तिमीहरुले पनि एक अर्काका गोडा धुनुपर्छ,** (१५) किनकि **मैले तिमीहरुलाई एउटा उदाहरण दिएको छु,** र **जसो मैले तिमीहरुका निम्ति गरें, तिमीहरुले पनि त्यसै गर** ।

- येशु ख्रीष्ट, सर्वशक्तिमान् प्रभु परमेश्वर, हाम्रो उद्धारक, **एक दास थिए** ।

  यसकारण तिमीहरु प्रिय बालकहरु झैं **परमेश्वरको देखासिकी गर्नेहरु हाओ** । (२) तिमीहरु **प्रेममा चल,** जसरी ख्रीष्टले पनि हामीहरुसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो । एफिसी ५:१-२

- एक **दास**ले उनीभन्दा मुनि कुनै स्थान वा जागिर देख्दैन । उनले **हेर्छन् र गर्नुपर्ने काम देख्छन् र त्यसलाई गर्छन्** । उनले 'गोडा धुन्छन्', फोहर टिप्छन्, भाडा धुन्छन् वा जे गर्नुपर्ने काम देख्छन् त्यो विना कसैले नभनिकन गरिहाल्दछ ।

मत्ती २०:२५-२८ तर येशुले तिनीहरुलाई आफू कहाँ बोलाएर भन्नुभयो,"तिमीहरुलाई थाहा नै छ, कि अन्य जातिका शासकहरुले तिनीहरुमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालूहरुले तिनीहरुमाथि अधिकार जमाउँछन् । (२६) तिमीहरुका बीचमा यस्तो हुनेछैन, तर **जो तिमीहरुमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको सेवक हुनुपर्छ** । (२७) जो तिमीहरु मध्ये पहिलो हुने इच्छा गर्दछ त्यो तिमीहरुको कमारो हुनुपर्छ, (२८) जसरी मानिसको पुत्र पनि **सेवा पाउनलाई होइन तर सेवा गर्न** र धेरैको छुट्काराको मोल स्वरुप आफ्नो प्राण दिन आयो ।"

अरुको अपराधको निम्ति क्षमा दिनु चाहिँ उनीहरुलाई ख्रीष्टको प्रेम देखाउँनु हो । एउटा आनन्दको, र शान्तिपूर्ण जीवनको लागि, तपाईको नानीहरुलाई क्षमा दिन तालिम दिनैपर्छ ।

मत्ती ६:१२ **हाम्रा अपराध क्षमा गर्नुहोस्,** जसरी हामीले आफ्ना **अपराधीहरु**लाई क्षमा गरेका छौं । (१४) किनकि तिमीहरुले मानिसहरुका **अपराध क्षमा गर्‍यौं** भने तिमीहरुका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरुलाई **क्षमा** गर्नुहुनेछ ।

लुका २३:३४ (जब उनीहरु येशुको हातमा काँटी गाँड्दै थिए ।) येशुले भन्नुभयो, "हे पिता, **यिनीहरुलाई क्षमा गर्नुहोस्,** किनकि यिनीहरुले के गर्दैछन् सो जान्दैनन् ।"

एफिसी ४:३२ जसरी परमेश्वरले खीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कोलाई **क्षमा** गरेर तिमीहरु एक-अर्काप्रति **कोमल मनका र दयालु** होओ ।

भित्री शक्तिलाई **सहन** सक्ने बनाउनु ताकि तनाबलाई जित्न सकौं र परमेश्वरको निम्ति र अरुको निम्ति असलता हासिल गर्न सकौं । तपाईको नानीलाई **हार नमान्नको लागि**, कुनै कार्यलाई पूरा नगरी बीचमै **नछोड्नको लागि** तालिम र उत्साह दिनुहोस् । उनीहरुलाई उत्साह दिँदै जानुहोस् । उनीहरुको प्रशंसक हुनुहोस् ।

गलाति ६:९ भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं ।

फिलिप्पी ४:१३ तिमीहरुलाई थाहा छ, कि शरीरको अस्वस्थताले गर्दा नै मैले पहिले तिमीहरुलाई सुसमाचार सुनाएथें ।

**आदेशपालक**-म आफैलाई र मेरो वरिपरिको वातावरलाई तयार पार्नु ताकि मैले महान् दक्षता हासिल गर्न सकूँ । आफ्नो नानीलाई विहान उठ्ने बित्तिकै विस्तारा मिलाउन तालिम दिनुहोस्, उनीहरुको लुगा,खेलौना र अन्य कुराहरु उठाउन सिकाउनु होस् । उनीहरुलाई सधैं सामान चलाएपछि सहि ठाउँमा राख्न तालिम दिनुहोस् वा अरु कसैले सामान चलाएर सहि ठाउँमा राखेनन् भने पनि त्यसलाई सहि ठाउँमा राख्न सिकाउनुहोस् ।

१ कोरन्थी १४:४० तर सबै काम शिक्ष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्दछ ।

**आत्म-संयम्-** तुरुन्तको आज्ञाकारीता जसले पवित्र आत्मालाई सुरुमा उकास्दँछ । नानीहरुलाई आत्म-संयम् प्रयोग गर्न सिकाउन र सिक्न, प्रशस्त असल अनुशासन एकदमै आवश्यक हुँदछ ।

१ कोरन्थी ७:५ ताकि **आत्म संयम्को** अभावको कारणले शैतानले तिमीहरुलाई परिक्षमा नपारोस् ।

१ कोरन्थी ९:२५ खेलमा भाग लिने खेलाडि सबै थोकमा **आत्म संयमी** हुनुपर्छ । तिनीहरु नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन् तर हामी चाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं ।

गलाती ५:२२-२५ तर पवित्र आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, (२३) नम्रता, **संयम्** हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन । (२४) तर

तिनीहरु जो ख्रीष्ट येशुका हुन्, तिनीहरुले पापमय स्भावलाई त्यसको वासना र लालशा सहित कुसमा टाँगिदिएका छन् । (२५) हामी पवित्र आत्माद्वारा जीउँछौं भने आत्माकै अनुसार हिडौं ।

**दरिद्रता** (घमण्डको उल्टो)
परमेश्वर र अरुहरुद्वारा नै जीवनमा मैले उपल्बधीहरु पाए भनेर साँचो उत्तरदायी पहिचान गर्नु हो ।

याकूब ४:६ परमेश्वरले अभिमानीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ ।

**दया**- अरुको घाऊलाई मलमपट्टि लगाउन आवश्यक पर्ने जे सुकै कुरा लगानी गर्नु हो ।

१ यहून्ना ३:१७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाईलाई खाँचो परेको देख्दा उनीहरुप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ?

लूका १०:३०-३७ असल सामरी स्त्री

नानीहरुको तालिम चाहिँ हाम्रो खस्किएको व्यवहारबाट जित हासिल गर्नको लागि र जीवनमा एक इसाई भएर भोग्नुपर्ने हरेक अनुभव लागि एकदमै महत्वपूर्ण छ ।

र यो सेवकाई, यो काम चाहिँ अभिभावकलाई दिईएको छ । आउने भावी पुस्ताको भविष्य अभिभावकहरुको हातमा छ ।

गलाती ५:२२-२४ तर पवित्र आत्माको फल चाहिँ **प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता,** (२३) **नम्रता, संयम्** हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन । (२४) तर तिनीहरु जो ख्रीष्ट येशुका हुन्, तिनीहरुले पापमय स्भावलाई त्यसको वासना र लालशा सहित कुसमा टाँगिदिएका छन् । (२५) हामी पवित्र आत्माद्वारा जीउँछौं भने आत्माकै अनुसार हिडौं ।

२ पत्रुस १:२-११ परमेश्वरको र येशू हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरुमा प्रशस्त हुँदैजाओस् । (३) आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले **परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक** उहाँले दिनुभएको छ । (४) यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरु दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु **ईश्वरीय स्वभावका सहभागी होओ** । (५) यसै कारण **सबै किसिमका प्रयत्नद्वारा** तिमीहरुको **विश्वासमा सद्गुण** र सद्गुणमा **ज्ञान** थप, (६) ज्ञानमा **आत्मसंयम**, आत्मसंयममा **धैर्य**, धैर्यमा भक्ति, (७) भक्तिमा **भातृ-स्नेह**, भातृ-स्नेहमा **प्रेम** थप । (८) किनकि यी कुराहरु तिमीहरुमा प्रशस्त छन् भने हाम्रा प्रभु येशु ख्रीष्टको ज्ञानमा यी कुराहरुले तिमीहरुलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन् । (९) किनकि यी कुराहरुमा अभाव भएको मानिसचाहिँ पुराना पापहरुबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्तो हुन्छ । (१०) यसैकारण भाइ हो, तिमीहरुको बोलावट र चुनाउ निश्चय गर्नलाई **अझ जोशिला होओ**, किनकि **यी कुरा गर्नाले तिमीहरु कहिल्यै लोट्नेछैनौ** । (११) किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको **अनन्त राज्यभित्र** तिमीहरुलाई **भव्य स्वागतसाथ प्रवेश** मिल्नेछ ।

**सम्भनुहोस् :**
संयमतामा एउटा पुष्ताले जे स्वीकार्छ-त्यसलाई अर्को पुस्ताले अभै माथिल्लो तहमा पुऱ्याउँन सक्ने बढी सम्भावना हुन्छ ।

तसर्थ, यो कुनै आश्चर्य होइन कि असल र खराब अभै बढी एक-अर्काबाट टाढा गईरहेको छ । चर्चहरु अभ धार्मिकतामा बढ्दै छ भने(यदि हामी अभिभावकको नाताले हाम्रो जिम्मेवारी पूरा गरिरहेका छौं) संसार चाहिँ अभ अधर्मी बन्दै गईरहेको छ ।

के हामी संसार जस्तै बनिरहेका छौं, या संसार र हामी बीच भिन्नता बढिरहेको छ?

यो भिन्नता अभ बढ्दै जानु पर्दछ किनकि :

> जहाँ पाप बढ्यो **अनुग्रह भन बढी** मात्रामा बढ्यो । रोमी ५:२०

> परमेश्वरको सहकर्मी भएका हुनाले हामी तिमीहरुलाई बिन्ती गर्छौं, कि **उहाँको अनुग्रह व्यर्थ हुन नदेओ** । २ कोरन्थी ६:१

नानीहरुलाई “धार्मिकताको मार्गमा” हिडाउनको निम्ति तालिम दिन **परमेश्वरले तपाईलाई** अनुग्रह दिनुहुन्छ, र उहाँको वचनद्वारा निर्देशन **दिनुहुन्छ** ।

अर्को शब्दमा, **उहाँले तपाईलाई सहयोग गर्नुहुनेछ :**
बालकलाई ऊ हिँड्नुपर्ने **बाटोमा तालीम** देऊ (हितोपदेश २२:६)
र तपाईलाई सहयोग गर्नुहुनेछ :
जे गर्छौ ती **सबै प्रेममा गरिएका होऊन्** । १ कोरन्थी १६:१४

जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु । फिलिप्पी ४:१३

प्रार्थना - सोध्नु - खोज्नु - घचघच्याउँनु - उहाँको वचन अध्ययन गर्नु - नानीलाई तालिम दिनु

धन्यवाद :
ग्रोइङ्ग अप गड्स वे, बाई जोन ए स्टोरमर, लिबर्टिबेल प्रेस
क्यारेक्टर स्केचचेस्, बाई बिल गोथार्ड